# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## रामपुर, चितवन ।

प्रथम पटक प्रकाशित मिति :२०७१।७।२

## विज्ञापन सम्बन्धि सूचना

(प्रशासनिक पदहरुको लागि दरखास्त आव्हान)

**विज्ञापन नं.०४ खुल्ला**

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत रिक्त रहेका निम्नलिखित पदहरुको खुल्ला/समावेशी (लिखित तथा अन्तरवार्ता) प्रतियोगिता द्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक शैक्षिक योग्यता र सेवा शर्त पुरा गरेका योग्य नेपाली नागरिकहरुबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र र दोब्बर दस्तुर तिरेर दरखास्त दिने अन्तिम मितिले ७ (सात) दिन भित्र कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवनमा आई पुग्ने गरि २/२ प्रतिका दरले आवश्यक कागजात सहित दरखास्त आह्वन गरिन्छ । दरखास्त फारम २०७१।७।२ गते देखि यस सेवा आयोगको कार्यालयबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. शैक्षिक योग्यताको प्रमाणपत्रहरु र लब्धाङ्क पत्रहरुको प्रमाणित प्रतिलिपि ।

२. नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

३. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।

४. व्यक्तिगत बायोडाटा ३ प्रति ।

५. काम गरेको अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ३ प्रति ।

६. तोकिएको परिक्षा शुल्क बुझाएको बैंक भौचर ।

७. सम्मर्क मिति : २०७१ साल माघ ५ गते ।

९. सम्पर्क स्थान : कृषि तथा वन विज्ञान विश्वविद्यालय, सेवा आयोगको कार्यालय हाकिमचोक, भरतपुर, चितवन । सम्पर्क फोन नं. ०५६-५२२८५०

कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत पूर्ति गर्नु पर्ने प्रशासनिक पद र आवश्यक संख्या

| क.सं. | पद | आवश्यक संख्या | खुल्ला | समावेशी |
|---|---|---|---|---|
| १. | अधिकृत तृतिय श्रेणी (सहायक प्रशासक) | ५ (पाँच) | ३ | २ |
| २. | अधिकृत तृतिय श्रेणी (लेखा अधिकृत) | ३ (तीन) | २ | १ |
| ३. | सहायक प्रथम श्रेणी (हेड असिष्टेण्ट) | ७ (सात) | ४ | ३ |
| ४. | सहायक प्रथम श्रेणी (लेखापाल) | ३ (तीन) | २ | १ |
| ५. | सहायक प्रथम श्रेणी (भण्डारपाल) | २ (दुई) | १ | १ |

१. अधिकृत तृतिय श्रेणी (सहायक प्रशासक) पदको लागि आवश्यक शैक्षिक योग्यता :

स्नातक तह वा सो सरह उतीर्ण ।

२. अधिकृत तृतिय श्रेणी (लेखा अधिकृत) पदको लागि आवश्यक शैक्षिक योग्यता :

सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतीर्ण ।

३. सहायक प्रथम श्रेणी (हेड असिष्टेण्ट) पदको लागि आवश्यक शैक्षिक योग्यता :

प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण ।

४. सहायक प्रथम श्रेणी (लेखापाल) पदको लागि आवश्यक शैक्षिक योग्यता :

सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह उतीर्ण ।

५. सहायक प्रथम श्रेणी (भण्डारपाल) पदको लागि आवश्यक शैक्षिक योग्यता :

प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उतीर्ण ।

**द्रष्टव्य :**

१. लिखित परीक्षाको मिति सर्म्पक मितिको दिन यस कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको कार्यालयको सूचना पाटिमा टाँसिने छ ।

२. सबै पदहरुको प्रतियोगिताको लागि ३ घण्टाको लिखित परीक्षा हुनेछ ।

(विस्तृत जानकारीको लागि website मा पाठ्यक्रम हेर्नु होला)

३. सबै प्रकारका प्रशासनिक पदको लागि कम्प्युटर सम्बन्धि ज्ञान अनिवार्य छ । कम्प्युटर प्रयोग सम्बन्धि ज्ञानको परिक्षामा योग्य ठहर भएका उम्मेदवारहरुलाई मात्र लिखित परिक्षामा सामेल गराइने छ ।

**खुल्ला प्रतियोगिताको लागि उम्मेदवार हुन नपाउने व्यवस्था :**

खुल्ला प्रतियोगितामा देहायको अवस्थामा कुनै पनि व्यक्ति विश्वविद्यालय सेवाका लागि उम्मेदवार हुन वा रहन पाउने छैन :

क. अधिकृत स्तरभन्दा मुनिको पदमा १८ वर्ष उमेर पूरा नभएको ।

ख. अधिकृत स्तरका कर्मचारीतर्फ २१ वर्ष उमेर पूरा नभएका ।

ग. ३५ वर्ष पूरा भईसकेका तर महिलाको हकमा ४० वर्ष उमेर पूरा भएका ।

घ. विश्वविद्यालय सेवा वा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएका ।

**समावेशीतर्फ छुट्याईएका पदमा दरखास्त दिँदा देहायका आधारमा दिनु पर्नेछ :**

१. आदिवाशी/जनजाति

आदिवाशी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढि थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

२. मधेशी

मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

३. दलित

दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जाति भित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

४. अपाङ्ग

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्र**

पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बजाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समूहवाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।